नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वन विभाग

# जिल्ला वन कार्यालय,

गोरखा

पत्र संख्या : ०७४/०७५ फोन/फ्याक्स ०६४-४२०१३६

चलानी नम्वर : २१६६ मिति: २०७५/३/१९

**व्यवसायिक प्रयोजनका लागि कबुलियती वन उपलव्ध गराउने सम्वन्धि प्रस्ताव आह्वान गरिएको सूचना !!!**

( दोस्रो पटक प्रकाशित मिति २०७५/३/१९ )

जिल्ला वन कार्यालय गोरखाको स्वीकृत पंचबर्षिय वन व्यवस्थापन कार्ययोजना बमोजिम जिल्लाका तपसिल बमोजिमका राष्ट्रिय वन क्षेत्रहरु प्रचलित कानुन बमोजिम व्यवसायिक कबुलियती वनको रुपमा प्रदान गर्न मिति २०७४/१०/०४ गते सार्वजनिक सुचना प्रकाशित भइ प्रस्ताव आव्हान गरिएकोमा तोकिएको म्याद भित्र प्रर्याप्त संख्यामा प्रस्तावहरु पेश हुन नआएकोले उक्त प्रस्तावहरु रद्द गरि सो प्रयोजनका लागि प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक स्थापित संङ्गठित संस्था वा उद्योगले प्रचलित कानुनको अधिनमा रहि कबुलियती वनको रुपमा लिन चाहेको वनको क्षेत्रफल, चारकिल्ला, उद्देश्य सहितको कार्ययोजनाको प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव (TOR ) छुट्टाछुट्टै सिलवन्दी गरि तोकिएको ढाँचामा यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र यस कार्यालयमा पेश गर्न सम्वन्धित सवैका जानकारीका लागी अनुरोध छ ।

**तपसिल**

१.सिलबन्दी प्रस्तावको कार्यसूचि (TOR ) रु १००० /- ( पछि फिर्ता नहुने गरी ) यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२. सिलवन्दी प्रस्ताव दाखिला गर्दा आवेदन पत्र साथमा नेपाली नागरिकताको प्र.प.को छाँया प्रति, संस्था भएमा दर्ता प्रमाण पत्र तथा स्थायी लेखा नम्वर प्र प. प्रतिलिपी, र कर चुक्ता प्रमाण प्रतिलिपी, सम्वन्धित गा.पा वा न.पा. कार्यालयको सिफारिस सामुदायिक वन क्षेत्रको हकमा समुहको निर्णय सहित सिफारिस पत्र पेश गर्नु पर्नेछ ।

३.व्यवसायिक कबुलियती वनको रुपमा उपलव्ध गराउन सकिने संभाव्य राष्ट्रिय वन क्षेत्रहरु

| क्र.स | वनको नाम | ठेगाना | अनुमानित वनको क्षेत्रफल (हेक्टर) | कैफियत |
|---|---|---|---|---|
| १ | नागेपोखरी | अजिरकोट गा.पा खरिबोट | १.० | |
| २ | धार्चे वन | सुलिकोट गा.पा. सौरपानी | २.० | |
| ३ | भुङ्गेलपाखा वन | शहिद लखन गा.पा. ताक्लुङ्ग | ५.० | |
| ४ | पश्चिमकाली पश्लाङ्ग | गोरखा न.पा. पश्लाङ्ग | ०.५ | |
| ५ | मन्जेडाँडा | सुलिकोट गा.पा. वारपाक | २.० | |
| ६ | कल्काङ्ग गुम्सीपाखा | धार्चे गा.पा. लाप्राक | ५.० | |

४.प्रस्ताव जिल्ला वन कार्यालय गोरखामा तोकिएको म्याद भित्र पेश गर्नु पर्नेछ ।

**५.प्रस्ताव पेश गर्नु पर्ने अन्तिम मिति :** २०७५ साल **श्रावण १६** गते दिन को कार्यालय समय भित्र

**६.प्रस्ताव खोल्ने मिति समय र स्थान** : यो सुचना प्रकाशित भएको मितिले ३१ औं दिन मिति २०७४ साल **श्रावण** १७ गते दिन को २.० बजे, जिल्ला वन कार्यालय गोरखा ।

७.माथि तोकिएको दिन कुनै सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन सोहि समय र स्थानमा उल्लेखित कार्य हुनेछ ।

८. यस सूचनामा उल्लेख भएकोमा यसै बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित ऐन नियम कार्यविधि र निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ ।

९. कबुलियती वनको रुपमा उपयुक्त देखिएमा सवम्वन्धित सामुदायिक वन उपभोक्ता समुहको सहमति लिई वन क्षेत्र व्यवसायिक कबुलियती वनको रुपमा व्यवस्थापन गर्न सकिनेछ ।

१०. सिलवन्दी प्रस्ताव पेश गर्दा खाम बाहिर कुन वन क्षेत्रको लागि कसले प्रस्ताव पेश गरेको हो स्पष्ट लेख्नु पर्ने छ ।

११. प्रस्ताव स्वीकृत गर्ने नगर्ने अधिकार अख्तियारवालामा रहनेछ

विस्तृत जानकारीका लागी यस कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ । सम्पर्क फोन नं. ०६४-४२०१३६